# आ.व. २०८०/०८१

# २०८० श्रावण देखि २०८१ असार मसान्तसम्मको कार्य पालिका स्तरीय प्रगति समिक्षा

प्रस्तुतकर्ता
बुद्ध प्रकाश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# चन्द्रकोट गाउँपालिकाको भवन



# चन्द्रकोट गाउँपालिकाको नक्सा



# प्रस्तुतिका विषयवस्तु

- गाउँपालिकाको संक्षिप्त परिचय
- पालिकास्तरका विभिन्न स्थलहरुको सामान्य जानकारी
- पालिकामा रहेका जनशक्ति विवरण पदपूर्तिको अवस्था
- पालिकामा रहेको संगठन संरचना तथा शाखाहरुको विवरण
- शाखागत सम्पादित मुख्य काम एवम् समस्या र चुनौती
- चालु आ.व.को हाल सम्मको आम्दानी र खर्चको अवस्था साथै आर्थिक विवरण
- चालु आ.व.को हाल सम्मको क्षेत्रगत आर्थिक अवस्था
- वडाबाट प्राप्त पालिका स्तरीय गौरवको आयोजनाहरुको नाम
- पालिकाका नवीन कार्यहरु
- सिकाई तथा चुनौतिहरु
- निष्कर्ष/दिशानिर्देश.....
- केहि तस्विरहरु

# पालिकाको संक्षिप्त परिचय

- साविकका ८ गाविसहरु मिलि वनेको
- जम्मा जनसंख्या:- १८६६२ (राष्ट्रिय २०७८ को जनगणना अनुसार)
- महिला:-१०१९१
- पुरुष :८४७१
- क्षेत्रफल:- १०५.७३ वर्ग कि.मि.

वडाको सीमाना:

- पूर्वमा- कालीगण्डकी गाउँपालिका
- पश्चिममा- मुसिकोट नगरपालिका र गुल्मीदरवार गाउँपालिका
- उत्तरमा- वरेङ्ग गाउँपालिका र गल्कोट नगरपालिका
- दक्षिणमा- सत्यवती गाउँपालिका र छत्रकोट गाउँपालिका

**ऐतिहासिक तथा धार्मिक स्थलहरू**

- दिब्रुङ्ग मन्दिर , चन्द्रकोट मन्दिर, चक्रेश्वर मन्दिर ,सिद्धबाबा धाम, चण्डीस्थान मन्दिर

**नदिनाला हरू**

- वडिगाड खोला, हुग्दी खोला, खहरे खोला

**पर्यटकीय स्थल**

- टिमुरे ताल , अर्जेवा झराना , दिब्रुङ्ग दह , झुलेनी पार्क, पाटेचौर, वार्जिङ्ग स्थल

पूर्वमा : कालीगण्डकी गाउँपालिका
पश्चिममा : मुसिकोट नगरपालिका र गुल्मीदरवार गाउँपालिका
उत्तर: वरेङ्ग गाउँपालिका र गल्कोट नगरपालिका
दक्षिण: सत्यवती गाउँपालिका र

सिमाना

परिचय

जनसंख्या
१८२६२

महिला : १०१९१
पुरुष : ८०७१


जातजाति

ब्राहमण, क्षेत्री, मगर, नेवार, गुरुङ, विश्वकर्मा र कुमाल

क्षेत्रफल:
१०५.७३

३३.३७ प्रतिशत कृषि योग्य भुमि

# जनसंख्या




कृषि तथा पशुपालन क्षेत्रमा आश्रित जनसंख्या:- करिव ८० प्रतिशत

# दरवन्दी व्यवस्थापन (संघीय मा. तथा सा.प्र.म को स्वीकृत दरबन्दी अनुसार)

| सि नं. | पद | श्रेणी तह | सेवा | समुह | दरवन्दी | पदपूर्ती | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | प्र.प्र.अ. | ८ औं | प्रशासन | सा.प्र. | १ | १ | ० |
| २ | अधिकृत | ७/८ औं | प्रशासन | लेखा | १ | १ | ० |
| ३ | इन्जिनियर | ६/७/८ औं | इन्जि. | सिभिल | १ | ० | १ करार पूर्ति |
| ४ | अधिकृत | ७/८ औं | शिक्षा | शि.प्र. | १ | १ | ० |
| ५ | अधिकृत | ६ औं | प्रशासन | सा.प्र. | २ | २ | ० |
| ६ | आ.ले.प. | ५ औं | प्रशासन | लेखा | १ | १ | ० |
| ७ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | ४ | २ | २ |
| ८ | क.अपरेटर | ५ औं | विविध | विविध | १ | १ | ० |
| ९ | लेखा स. | ५ औं | प्रशासन | लेखा | १ | ० | १ |
| १० | प्रा.स. | ५ औं | शिक्षा | शिक्षा प्र. | १ | १ | ० |
| ११ | हे.अ. | ५/६ औं | स्वास्थ्य | हे.ई. | १ | १ | ० |

| सि नं. | पद | श्रेणी तह | सेवा | समुह | दरवन्दी | पदपूर्ती | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १२ | सव ईन्जिनियर | ५ औं | इन्जि. | सिभिल | १ | १ | ० |
| १३ | अ.सव-ईन्जि. | ४ औं | इन्जि | सिभिल | १ | ० | १ |
| १४ | स.म.वि.नि. | चौथो | विविध | | १ | ० | १ |
| १५ | खापासटे | चौथो | इन्जि | सिभिल | १ | १ | ० |
| | | जम्मा | | | १९ | १२ | ७ |
| वडा कार्यालय तर्फ जम्मा (वडा कार्यालय ८ वटा) | | | | | | | |
| १ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | ३ | २ | १ |
| २ | सव-ईन्जिनियर | ५ औ | इन्जि | सिभिल | ३ | २ (१ करार सहित) | २ |
| ३ | सहायक | ४ औ | प्रशासन | सा.प्र. | ५ | २ | ३ |
| ४ | अ.सव-ईन्जि | ४ औ | इन्जि | सिभिल | ५ | ३ | २ |
| | | जम्मा | | | १६ | ७ | ९ |
| | | कुल जम्मा | | | ३५ | २० | १५ |

# स्वास्थ्य तर्फ दरवन्दी र पदपूर्ति


| स्वास्थ्य तर्फ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | पद | श्रेणी/तह | सेवा | दरवन्दी | स्थायी | करार | रिक्त |
| १ | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | ० | ० | १ | गापा करार |
| २ | प्यारामेडिक्स | ५/६/७ | स्वास्थ्य | ९ | १ | ५ | ३ |
| ३ | प्यारामेडिक्स | ४/५/६ | स्वास्थ्य | १६ | ४ | ८ | ४ |
| ४ | स्टाफनर्स/सि.अनमि | ५/६/७ | स्वास्थ्य | १ | ० | १ | ० |
| ५ | अनमी/सि अनमि | ४/५/६ | स्वास्थ्य | १६ | ५ | १० | १ |
| जम्मा | | | | ४२ | १० | २५ | ८ |

# कृषि विकास तथा पशुसेवा तर्फको दरवन्दी र पदपूर्ति

| कृषि विकास तथा पशुसेवा तर्फ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | पद | श्रेणी/तह | सेवा | दरवन्दी | स्थायी | करार | रिक्त |
| १ | अधिकृत | ७/८ औ | कृषि | १ | ० | ० | १ |
| २ | अधिकृत | ९/१० औं | पशुसेवा | १ | ० | ० | १ |
| ३ | सहायक | ५ औ | कृषि | २ | ० | १ | १ |
| ४ | सहायक | ५ औ | पशुसेवा | १ | ० | १ | ० |
| ५ | सहायक | ४ औं | कृषि | १ | ० | ० | १ |
| ६ | सहायक | ४ औं | पशु | २ | ० | ० | २ |
| जम्मा | | | | ८ | ० | २ | ६ |

एक गाउँ एक प्राविधिक कार्यक्रम अन्तर्गत ३/३ जना प्राविधिकहरु कार्यरत रहेको। कृषि ज्ञानकेन्द्र तथा भेटिरिनरि पशु विज्ञ केन्द्र बाट २/२ जना कार्यरत रहेको तथा तुराङ्ग पशुसेवा केन्द्रमा १ जना पशुस्वास्थ्य प्राविधिक रहेको।

# चन्द्रकोट गाउँपालिकाको संगठनात्मक संरचना



# शाखाको विवरण

| शाखाको नाम | शाखाको नाम |
|---|---|
| भौतिक पूर्वाधार (प्राविधिक शाखा) | राजस्व शाखा |
| कृषि विकास तथा पशु सेवा शाखा | आर्थिक प्रशासन शाखा |
| स्वास्थ्य शाखा | प्रधानमन्त्री रोजगार शाखा |
| शिक्षा, युवा तथा खेलकुद शाखा | एम आई एस शाखा |
| जिन्सी शाखा | प्रशासन शाखा |
| सूचना प्रविधि शाखा | पञ्जीकरण शाखा |
| सहकारी शाखा | योजना तथा अनुगमन शाखा |
| संघ-संस्था दर्ता ईकाइ | |

# शाखागत मुख्य प्रगति विवरण तथा समस्या एवम् चुनौतीहरु

# आर्थिक प्रशासन शाखा

# आर्थिक प्रशासन शाखा

## आ.व.२०८०/८१ को असार मसान्तसम्मको खर्च अवस्था

| क्र.सं. | शिर्षक | विनियोजन रकम | हालसम्मको खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | वडा नं.१ | ३८ लाख | ३७ लाख ३९ हजार ५ सय ६० | ९८.४ |
| २ | वडा नं.२ | ३८ लाख | ३२ लाख ५५ हजार ५ सय ३३ | ८५.६७ |
| ३ | वडा नं.३ | ३८ लाख | ३६ लाख ९२ हजार ६ सय ४७ | ९७.१७ |
| ४ | वडा नं.४ | ४५ लाख | ४३ लाख ८९ हजार ८ सय ८६ | ९७.५५ |
| ५ | वडा नं.५ | ३८ लाख | ३२ लाख ३८ हजार ८ सय २१ | ८५.२३ |
| ६ | वडा नं.६ | ३८ लाख | ३७ लाख ९ हजार ३ सय ८१ | ९७.६१ |

# आर्थिक प्रशासन शाखा

## आ.व.२०८०/८१ को असार मसान्तसम्मको खर्च अवस्था

| क्र.सं. | शिर्षक | विनियोजन रकम | हालसम्मको खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ७. | वडा नं.७ | ४४ लाख | ४१ लाख ९७ हजार ७ सय १८ | ९५.४ |
| ८. | वडा नं.८ | ४५ लाख | ४२ लाख ८५ हजार १ सय २२ | ९५.२२ |
| ९ | कृषितर्फ | ४२ लाख ५० हजार | ३३ लाख ७४ हजार १ सय ७ | ७९.३९ |
| १० | पशुतर्फ | ३२ लाख ८६ हजार | ३२ लाख ७४ हजार ६९४ | ७८.३५ |
| ११ | शिक्षातर्फ | ३ करोड ५१ लाख | ३ करोड ९ लाख ६१ हजार ४६३ | ८८.२ |

# आर्थिक प्रशासन शाखा

## आ.व.२०८०/८१ को असार मसान्तसम्मको खर्चको अवस्था

| क्र.सं. | शिर्षक | विनियोजन रकम | हालसम्मको खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १२ | स्वास्थ्यतर्फ | १ करोड ७९ लाख २६ हजार | १ करोड ४७ लाख ५३ हजार २६५ | ८२.३ |
| १३ | गा.पा.स्तरीय | १५ करोड २९ लाख ८५ हजार ४५ | ११ करोड २६ लाख ९८ हजार ९३२ | ७३.६६ |
| १४ | संघीय सशर्त | २५ करोड ४७ लाख ९६ हजार | २२ करोड ४४ लाख २० हजार ५७२ | ८८.०७ |
| १५ | प्रदेश सशर्त | १ करोड ३ लाख ५० हजार | ९६ लाख ९१ हजार ५ | ९६.६३ |
| कुल जम्मा बजेट तथा खर्च | | ५१ करोड १० लाख ९३ हजार ४५ | ४२ करोड ८९ लाख ८२ हजार ७०८ | ८३.९३ |

# आर्थिक प्रशासन शाखा

## आ.व.२०८०/८१ को असारमसान्तसम्मको आम्दानीको अवस्था

| तह | स्रोत | अनुमान रकम | हालसम्मको प्राप्त रकम | प्राप्त प्रतिशत |
|---|---|---|---|---|
| संघीय सरकार | समानीकरण | ९ करोड ३८ लाख | ८ करोड ७२ लाख ३४ हजार | ९३ |
| | शसर्त | २४ करोड २७ लाख ९६ हजार | २४ करोड २५ लाख १६ हजार | ९९.८८ |
| | विशेष | १ करोड २० लाख | १ करोड २० लाख | १०० |
| | समपुरक | १करोड | ३७ लाख | ३७ |
| | राजश्व बाँडफाँड | ८ करोड २८ लाख ९१ हजार ५ सय | ७ करोड २ लाख ८५ हजार ३४१ | ८४.७९ |
| प्रदेश सरकार | समानीकरण | ६४ लाख ९३ हजार | ४८ लाख ६९ हजार ७५० | ७५ |
| | शसर्त | १ करोड ३ लाख ५० हजार | १ करोड ३ लाख ५० हजार | १०० |
| | समपुरक | १ करोड | ९० लाख | ९० |
| | राजश्व बाँडफाँड | ५५ लाख ६२ हजार ५४५ | ७८ लाख १५ हजार २२९ | १४०.५ |

# आर्थिक प्रशासन शाखा

## आ.व.२०८०/८१ को असार मसान्तसम्मको आम्दानीको अवस्था

| तह | स्रोत | अनुमान रकम | हालसम्मको प्राप्त रकम | प्राप्त प्रतिशत |
|---|---|---|---|---|
| गाउँपालिका | गत बर्षको मौज्याद | २ करोड ५० लाख | १ करोड ७ लाख ८९ हजार ९४० | ४३.१६ |
| | स्थानीय बाँडफाँड | १५ लाख | १६ लाख ११ हजार ४२५ | १०७.४३ |
| | आन्तरिक स्रोत | १ करोड ७ लाख | १४ लाख ५७ हजार २८५ | १३.६२ |
| कुल आम्दानी | | ५१ करोड १० लाख ९३ हजार ४५ | ४६ करोड ८९ लाख ७१हजार ६०० | ८६.२६ |

# आर्थिक प्रशासन शाखा

## अन्तर सरकारी वित्तीय व्यवस्थापन तर्फ खर्च

| शिर्षक | विनियोजन रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| सामाजिक सुरक्षा | ११ करोड ९७ लाख १४ हजार १६० | ११ करोड ८६ लाख ९० हजार ४३७ | ९९.१४ |
| गरिबसंग विशेश्वर | ७ लाख ३० हजार | ६ लाख २८ हजार | ८६.०२७ |
| प्रशासकीय भवन निर्माण | २५ लाख | २५ लाख | १०० |
| १५ बेड अस्पताल निर्माण | २ करोड ७२ लाख १८ हजार | २ करोड ७१ लाख ८९ हजार ९१ | ९९.८९ |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३७ लाख ८५ हजार | ३४ लाख ९० हजार | ९२.२१ |

# आर्थिक प्रशासन शाखा

## क्षेत्रगत बजेट तथा खर्च

| क्षेत्रगत शिर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २ करोड ९८ लाख ७७ हजार २५० | २ करोड ५६ लाख २८ हजार ६९० | ८५.७८ |
| सामाजिक विकास | २७ करोड ३६ लाख ६ हजार ४९७ | २४ करोड ६६ लाख ६८ हजार ४५६ | ९०.१५ |
| पुर्वाधार विकास | ८ करोड १० लाख ८ हजार ५ सय | ५ करोड ६३ लाख २६ हजार ३४२ | ६९.५३ |
| सुशासन तथा अन्तरसम्बन्धित | ९३ लाख ५७ हजार २५० | ६८ लाख ५२ हजार ९५८ | ७३.२३ |
| कार्यालय संचालन तथा प्रशासनिक | ११ करोड ७२ लाख ४३ हजार ५४८ | ९ करोड ३५ लाख ६ हजार २६१ | ८३.९३ |

# आर्थिक प्रशासन शाखा

## गाउँपालिकाबाट आ.व.२०८०/८१ मा फिर्ता गरिएको रकम

| तह | स्रोत | आम्दानी | खर्च | बाकी /फिर्ता |
|---|---|---|---|---|
| संघीय सरकार | सशर्त अनुदान चालु | २३,१५,१६,००० | २०,२२,७९,९९४.८४ | २,९२,३६,००५.१६ |
| | सशर्त अनुदान पुजीगत | १,१०,००,०००/- | १,०३,०७,६४२/- | ६,९२,३५८/- |
| | समपुरक अनुदान | १,२०,००,०००/- | १,१७,५७,६५९/- | २,४२,३४१/- |
| | विशेष अनुदान | ३७,००,०००/- | ३२,३३,८६९/- | ४,६६,१३१/- |
| प्रदेश सरकार | सशर्त अनुदान चालु | २१,५०,००० | १५,४३,६२६/- | ६,०६,३७४/- |
| | सशर्त अनुदान पुजीगत | ८२,००,००० | ८१,४७,३७९/- | ५२,६२१/- |
| | समपुरक अनुदान | ९०,००,०००/- | ६५,८०,४८२/- | २४,१९,५११ |
| | कुल जम्मा | २७,७५,६६,००० | २४,३८,५०,६५१.८४ | ३,३७,१५,३४८.१६ |

# आर्थिक प्रशासन शाखा

## गाउँपालिकाबाट आ.व.२०८०/८१ मा विभिन्न कोषको मौज्याद

| स्रोत | बाकी /फिर्ता |
|---|---|
| संचित कोष खाता | ८५,७५,०७९.२६/- |
| प्रकोप व्यवस्थापन कोष खाता | ८,०६,८४९.१४/- |
| धरौटी कोष खाता | १,२१,९६,७०७.९८/- |
| बिबिध कोष/लैंगिक हिंसा निबारण कोष | २,००,०००/- |
| कुल जम्मा | २,१७,७८,६३६.३८/- |

# आर्थिक प्रशासन शाखा

## गाउँपालिकाको हालसम्मको बेरुजको अवस्था

| आ.व. | बेरुजु रकम | संपरीक्षण | बाकी | कैफियत |
|---|---|---|---|---|
| २०७४/७५ | ३५,९२,१६०+३,७४,६३१ | ० | ३९,६६,७९१ | |
| २०७५/७६ | ४,१४,९०,२५३ | १३,०१,००० | ४,०१,८९,२५३ | |
| २०७६/७७ | २,२०,००,००० | १,४०,४२,००० | ७९,५८,००० | २०७७/७८ मा फछ्यौट गरेको |
| २०७७/७८ | ६,३०,३४,००० | ० | ६,३०,३४,००० | फछ्यौटप्रक्रियामा |
| २०७८/७९ | २,८७,९३,४४३ | ० | २,८७,९३,४४३ | फछ्यौटप्रक्रियामा |
| २०७९/८० | ३,४९,२८,७५९ | | ३,४९,२८,७५९ | फछ्यौटप्रक्रियामा |
| हालसम्म जम्मा बाकी बेरुजु | | | १७ करोड ८८ लाख ७० हजार २४६ | |

# आर्थिक प्रशासन शाखा

## गाउँपालिकामा बेरुजुको विश्लेषण

- गाउँपालिकाको हालसम्मको बेरुजु विश्लेषण गर्दा संद्धान्तिक बेरुजु,अनियमित गर्नुपर्ने,असुल गर्नुपर्ने र प्रमाण पेश गर्नुपर्ने गरी ४ प्रकारको बेरुजु रहेको छ।
- सबैभन्दा बढी अनियमित बेरुजु रहेको छ जसको कारण भनेकै प्रचलित ऐन नियमले निर्धारित गरेको अधिकार र सीमा नाघी  बजेट विनियोजन र खर्च गरेको, कानुन बमोजिम रीत नपुऱ्याइकन कारोबार गरेको, मितव्ययिताको नीति अवलम्बन नगरेको,सुम्पिएको अख्तियारी भित्र रही कारोबार नगरेको,विनियोजन बजेट उद्देश्यअनुरुप संचालन नगरेको भन्ने हो।
- गाउँपालिकाको अनियमित बेरुजु कुल बेरुजु रकमको लगभग ७५ प्रतिशत छ।उदाहरणका लागि:शिक्षातर्फको विद्यालय संचालनअनुदान,

# आर्थिक प्रशासन शाखा

## गाउँपालिकामा बेरुजु बढ्दै जानुको विश्लेषण

- दरबन्दी बाहिरको करार कर्मचारी व्यवस्थापन,उपभोक्ता समितिहरुले आफुले गर्न सक्ने कामलाइ पनी डोजर प्रयोग गरेको,समपुरक तथा विशेष अनुदानका कार्यक्रम संचालन गर्दा कार्यविधि अनुरुप ठेक्कामा जानुपर्नेमा उपभोक्ता समितिहरुलाइ दिने गरेको जस्ता मुख्य र बर्षेनी दोहोरीने समस्याका रुपमा रहेका छन्। यसमा पनी विद्यालय संचालन अनुदान र के.जी कक्षा अनुदान त कुल बेरुजु रकमको ५० प्रतिशत भन्दा बढी भाग वर्षेनी ओगटेको देखिन्छ।
- प्रमाण पेश गर्नुपर्ने बेरुजु लगभग २० प्रतिशत रहेको देखिन्छ भने असुल गर्नुपर्ने बेरुजु कुल रकमको ५ प्रतिशतको हारहारीमा पाइन्छ।

# आर्थिक प्रशासन शाखा

## आर्थिक प्रशासन शाखाको दृष्टिकोणमा गाउँपालिकाको अबसर र सबल पक्ष

- सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरु निर्धारण भएसंगै सो लक्ष्यहरु पुरा गर्ने लक्ष्यहरुसंग तादम्यता राख्ने गरी यस गाउँपालिकाको नीति तथा कार्यक्रमहरु आन्तरिकिकरण भइ लागु भएका छन्।
- गाउँपालिकाको आवधिक योजना,स्थानीय सडक गुरुयोजना,राजश्व सुधार कार्ययोजना,भु-बर्गिकरण योजना तथा विभिन्न किसिमका ठुला परियोजना तथा आयोजनाहरुको डि.पि.आर लगायतका डोकुमेन्टहरु तयार भएका छन्। जसले गाउँपालिकालाई वित्तिय सुशासन तथा क्षमतामा अब्बल प्रमाणित गर्ने कार्य गरेका छन्।
- गाउँपालिका भित्र विभिन्न किसिमका बन, जंगल,खानी, खनिज, जल, जमिन लगायतका प्रकृतिले दिइएका अनुपम सम्पत्तीहरु प्रशस्त मात्रामा रहेका छन्। यिनिहरुको संरक्षण,प्रबद्धन र समन्यायिक विबेकशिल प्रयोगबाट आर्थिक समुन्नतिको मार्गमा प्रशस्त मात्रामा अबसरहरु रहेका छन्।

# आर्थिक प्रशासन शाखा

## आर्थिक प्रशासनको दृष्टिकोणमा गाउँपालिकाको अबसर र सबल पक्ष

- विभिन्न पेशा व्यवसाय तथा परम्परागतरुपमा सिप हासिल गरेका दक्ष जनशक्ति विभिन्न कालिगढहरु लगायत क्षमतावान् व्यक्तिहरुको प्रशस्त मात्रामा संभावना रहेको र तिनिहरुको व्यवसायिकता परिचालनमा लगानी गरि आर्थिक क्रियाकलापमा  गाउँपालिका अब्बल बनाउने अबसर रहेको छ।
- गाउँपालिकाको बर्षनी प्रयाप्त मात्रामा पुजीगत खर्च प्रतिशत बढी रहेको छ।यसले आर्थिक क्रियाकलापमा केहि न केहि प्रभाव पारेको छ।जस्तै सडक,पुल-पुलेसा,भवन निर्माण, संकलन केन्द्र निर्माण, स्वास्थ्य चौकी निर्माण, वडा कार्यालय निर्माण, कुलो बाध निर्माण, सुविधा केन्द्र निर्माण, कृषि यन्त्र उपकरण वितरण लगायत।
- संघीयता लागु भएसंगै विभिन्न निकायहरुसंगको साझेदारी,राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाले लगानी गर्न देखाएको उत्सुकता र प्रतिबद्धता तथा विभिन्न स्थानीयतहहरुसंगको साझेदारी जस्ता कुराहरुले यस पालिकाको लगानी उच्च बनाउन मद्दत पुगेको छ।

# आर्थिक प्रशासन शाखा

## आर्थिक प्रशासनको दृष्टिकोणमा गाउँपालिकाको समस्या/चुनौतिहरु/सुझाब

- योजना तर्जुमा गर्दा टुक्रे योजना हरु बढी संख्यामा रहेको जसले गर्दा लागत बढाइ लाभ कम हुन गएको साथै उक्त योजना संचालन र व्यवस्थापन गर्न कठिन अवस्था सिर्जना भएको।
- बजेट तर्जुमा गर्दा पुजीगत खर्च भन्दा चालु खर्च अधिकतम हुने गरेको जसले विकासमा चुनौती सिर्जना गरेको छ।गाउँपालिकाको आर्थिक क्रियाकलापमा कम लगानी भइ पर्याप्त मात्रामा रोजगारी सिर्जना गर्ने सकिएको छैन।भएका व्यवसायहरु पनि बन्द हुदै गएका देखिन्छन्।
- चालु खर्चको अधिकतम विनियोजको कारण वित्तिय सुशानमा प्रभाव पारेको छ।
- सुचनामा आधारित सेवाग्राहीमैत्री कार्य स्थापित गर्न अझै सकिएको छैन।जस्तै: राजश्व व्यवस्थापन प्रणाली।

# आर्थिक प्रशासन शाखा

## आर्थिक प्रशासनको दृष्टिकोणमा गाउँपालिकाको समस्या/चुनौतिहरु/सुझाब

- सम्बन्धित निकायबाट समयमै अनुदान निकासा प्राप्त हुन सकेको छैन। अनुदानमा निर्भरता बढ्दै गएको छ। अनुदानमा निर्भरता घटाउन विभिन्न अनुसन्धान र आवश्यक लगानी गर्न जरुरी छ।
- गाउँपालिको आन्तरिक स्रोत बर्षनी बढ्दै गएता पनि नीतिगत स्पष्ट आधार छैन। आन्तरिक स्रोतको क्षेत्र अध्यन र अनुसन्धान गर्न आवश्यक छ।
- बर्षेनी बेरुजुको परिणाम बढ्दै गएको छ ।यसको लागि गाउँपालिकाले छुट्टै संयन्त्र स्थापना गरी आन्तरिक नियन्त्रण  प्रणाली प्रभावकारी बनाउन आवश्यक छ।
- गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको छ। यसका लागि विभिन्न संयन्त्रहरु स्थापना गर्न आवश्यक छ।
- आर्थिक प्रशासन शाखामा कर्मचारीको अभाव रहेको छ।

# आर्थिक प्रशासन शाखा


## शाखाले मुख्य पहल गरेका कार्य

- बजेट तर्जुमा तथा आर्थिक क्रियाकलापसंग सम्बन्धीत विभिन्न निर्णय प्रकृयामा विभिन्न तथ्याङ्क सहितको उपयुक्त राय व्यक्त गरी निर्णय प्रक्रिया सहज बनाएको।
- उपभोक्ता समितिहरुको प्रशिक्षण कार्यमा सहजीकरण गरेको।
- विद्युतीय भुक्तानी प्रणाली(EFT) पुर्ण रुपमा लागु गरिएको।
- बेरुजु फछ्यौट प्रक्रियालाइ तिव्ररुपमा लागेको।
- वित्तिय सुशासन कायम गर्नमा प्रतिबद्ध।
- आन्तरिक नियन्त्रण प्रणालीलाइ व्यवस्थित गर्न पहल।
- बेरुजु हुन नदिन आन्तरिक लेखा परीक्षण शाखा तथा सम्बन्धित शाखा तथा निकायसंग समन्वय र परामर्श आदी।

# स्वास्थ्य शाखा


# मानव संशाधनको अवस्था (स्वास्थ्य चौकी तर्फ)

# बजेट रकम (आ.व.२०८०/८१)
## भवन निर्माण बाहेक




- ससर्त : ४,०२,२७,०००
- निसर्त :१,६९,२१,०००
- जम्मा : ५,७१,४८,०००

# बैठक बसेको संख्या




१४
१२
१०
८
६
४
२
०
१२
९६
३५
स्वास्थ्य संस्था प्रमुखहरुको मासिक समिक्षा बैठक
स्थानीय तहमा महिला सामुदायिक स्वास्थ्य समितिको बैठक
बिपन्न नागरिक सिफारिस समितिको बैठक

## जम्मा विपन्न नागरिक उपचार कोष मार्फत निश्ुल्क सेवा लिन सिफारिस गरिएको सेवाग्राहीको विवरण (संघिय सिफारिस)


| सि.न | रोगको नाम | जम्मा |
|---|---|---|
| १ | क्यान्सर | १६ |
| २ | मुटु रोग | १३ |
| ३ | मृगौला रोग | ५ |
| ४ | हेड इन्जुरी | ० |
| ५ | मेरुदण्डको पक्षघात | १ |
| ६ | सिकल सेल एनिमिया | ० |
| ७ | पार्किन्सन | ० |
| ८ | अल्जाइमर्स | ० |
| | जम्मा | ३५ |

# खोप कार्यक्रम




पूर्ण खोप पाएका बच्चाको संख्या
140
120
100
80
60
40
20
0
२९
२६
२२
७५
३३
१९
३२
४९
२८५
दिब्रुङ्ग स्वास्थ्य चौकी
विशुखर्क स्वास्थ्य चौकी
हर्राचौर स्वास्थ्य चौकी
शान्तिपुर स्वास्थ्य चौकी
ग्वाघा स्वा. चौकी
हरेवा स्वास्थ्य चौकी
रुपाकोट स्वास्थ्य चौकी
तुराङ्ग स्वास्थ्य चौकी
जम्मा पालिका

# पोषण कार्यक्रम




200
180
160
140
120
100
80
60
40
20
0
•० देखि ११ महिना सम्मका नया तौल लिएका बच्चाको संख्या
२५
१५
१०
७०
२४
१५
१९
२४
१७७
दिब्रुङ्ग स्वास्थ्य चौकी
विशुखर्क स्वास्थ्य चौकी
हर्राचौर स्वास्थ्य चौकी
शान्तिपुर स्वास्थ्य चौकी
ग्वाघा स्वा. चौकी
हरेवा स्वास्थ्य चौकी
रुपाकोट स्वास्थ्य चौकी
तुराङ्ग स्वास्थ्य चौकी
जम्मा पालिका


# मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रम



# बर्थिङ सेन्टर सेवाको अवस्था



# नयाँ क्षयरोगी पत्ता लागेको संख्या



# गाउँपालिकाद्वारा आफ्नै पहलमा गरिएका कार्यक्रमहरु

# घर घरमा स्वास्थ्य सेवा कार्यक्रम

जेष्ठ
नागरि
क



७१२ जना

अपां
ग



९१ जना


अन्य

२९ जना

# स्वास्थ्य सेवा कार्यक्रम

| | |
|---|---|
| निशुल्क बृहत स्वास्थ्य शिविर | १७६१ सेवा |
| निशुल्क रक्तदान | १४० प्रिन्ट |
| कपडाबैङ्क स्थापना | १ स्थान |
| विपन्न नागरिक औषधी उपचार खर्च | १५४ जना |
| विपन्न नागरिक ५० र शत प्रतिशत स्वास्थ्य वीमा कार्यक्रम | ५० % ६४ जना र शत % ४४जना |

# पोषण प्याकेज पाएका सुत्केरी महिलाहरु (ए आमा बच्चा लाई कस्तो छ तथा पोषिलो झोला कार्यक्रम)



# शिक्षा, युवा तथा खेलकुद शाखा

# शिक्षण संस्था विवरण

| क्र.सं. | विवरण | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | बालविकास केन्द्र | ५१ | ३ | ५६ |
| २ | आधारभूत विद्यालय (१-५) | २७ | - | २७ |
| ३ | आधारभूत विद्यालय (१-८) | ५ | १ | ६ |
| ४ | माध्यमिक विद्यालय (१-१०) | ३ | २ | ५ |
| ५ | माध्यमिक विद्यालय (१-१२) | ६ | - | ६ |
| ६ | बहुमुखी क्याम्पस | २ | - | २ |
| ७ | प्राविधिक शिक्षालय | १ | - | १ |
| ८ | प्राविधिक शिक्षालय (CTEVT टेक्स प्रोग्राम) | १ | - | १ |
| ९ | सामुदायिक सिकाइ केन्द्र | २ | - | २ |

# विद्यार्थी विवरण २०८०

| सि.नं. | विवरण | तहगत विद्यार्थी संख्या (शै.स.२०८०) सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | बालविकास केन्द्र | ९०७ | २३४ | ११४१ |
| २ | आधारभूत विद्यालय (१-५) | १५२५ | ४८९ | २०१४ |
| ३ | आधारभूत विद्यालय (६-८) | ८०८ | १८७ | ९९५ |
| ४ | माध्यमिक विद्यालय (९-१०) | ६५६ | ९१ | ७४७ |
| ५ | माध्यमिक विद्यालय (११-१२) | ५३० | ० | ५३० |
| | जम्मा | ४४२६ | १००१ | ५४२७ |

# स्वीकृत शिक्षक दरबन्दी विवरण

| सि.नं. | विवरण | आधारभूत (१-५) | आधारभूत (६-८) | माध्यमिक (९-१०) | माध्यमिक (११-१२) | प्राविधिक धार (९-१२) | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | दरवन्दी | १११ | ३२ | १६ | ६ | ८ | १७३ | गापा तथा विद्यालय अनुदानबाट नियुक्ति भएका शिक्षकको संख्यात्मक विवरण समावेश नगरिएको |
| २ | राहत | २३ | ८ | १७ | ० | ० | ४८ | |
| जम्मा | | १३४ | ४० | ३३ | ६ | ८ | २२१ | |

# बालविकास सहजकर्ता तथा कर्मचारी विवरण

| सि.नं. | विवरण | बालविकास सहजकर्ता | विद्यालय सहयोगी | सहायक कर्मचारी | केजी शिक्षक |
|---|---|---|---|---|---|
| १ | दरवन्दी | ३६ | ४३ | ९ | - |
| २ | गाउँपालिका | १५ | - | - | ३८ |
| जम्मा | | ५१ | ४३ | ९ | ३८ |

# प्रगति विवरण तथा मुख्य कार्यहरु (शिक्षा, युवा तथा खेलकुद)

- शिक्षक कर्मचारीको त्रैमासिक तलब भत्ता, चौमासिक दिवा खाजा लगायतका माग फाराम माग, संकलन, रुजु तथा निकासा.
- निशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, शैक्षिक सामग्री तथा मसलन्द अनुदान लगायतका विद्यालय अनुदान निकासा.
- शिक्षकको सम्पत्ति विवरण तथा कार्य सम्पादन मूल्यांकन फाराम संकलन, रुजु एवम् कामकार्वाही तथा पेश.
- पालिकाका वडाबाट १/१ जना विद्यार्थीलाई तुराङ प्राविधिक शिक्षालयमा निःशुल्क अध्ययनको व्यवस्था.
- पालिका स्तरीय अन्तर माध्यमिक तह एकल लोकगायन प्रतियोगिता, आधारभूत तह स्तरीय हाजिरी जवाफ प्रतियोगिता संचालन, शिक्षण पेशाबाट सेवानिवृत भएका शिक्षक तथा विभिन्न तह र कक्षाको अन्तिम परीक्षामा उच्चतम् जिपिए प्राप्त गर्ने विद्यार्थीलाई सम्मान लगायतका विभिन्न कार्यक्रम संचालन गरी अन्तराष्ट्रिय साक्षरता दिवस कार्यक्रम सुसम्पन्न गरिएको.

# प्रगति विवरण तथा मुख्य कार्यहरु (शिक्षा, युवा तथा खेलकुद)

- स्थानीय पाठ्यक्रम 'हाम्रो चन्द्रकोट'मा आधारित कक्षा १ देखि ८ सम्मका स्थानीय पाठ्यपुस्तक लेखन, प्रकाशन तथा वितरण,
- पालिकाभरका विद्यालयमा पठनपाठन तथा मूल्यांकन प्रणालीको एकरुपताका लागि आवश्यक समन्वय गरिएको साथै विषयगत तथा कक्षागत कोर्ष सीमा निर्धारण समेत गरिएको.
- गाउँपालिका स्तरीय अर्धवार्षिक परीक्षा संचालन तथा नतिजा विश्लेषण.
- नियमित प्रअ बैठकको आयोजना तथा समीक्षा, असल तथा फरक शिक्षण अभ्यासको आदान प्रदान, शिक्षा सम्बन्धी विभिन्न विषयका एजेण्डामा छलफल, समन्वय र निर्देशन.
- कोभिड -१९, लगायत विभिन्न बिपद्का कारणले विद्यार्थीको सिकाइमा पुगेको क्षतिको आपुरण गर्न द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयन.

# प्रगति विवरण तथा मुख्य कार्यहरु (शिक्षा, युवा तथा खेलकुद)

- विद्यालयको लेखापरीक्षणका लागि परीक्षक छनौट तथा खटनपटन.
- विद्यालयको विद्यालय सुधार योजना, विद्यालय सामाजिक परीक्षण, अपांगता छात्रवृत्ति विवरण लगायतका आवश्यक विवरण माग, संकलन तथा सहजीकरण,
- इमिस अद्यावधिक सम्बन्धमा विद्यालयलाई प्राविधिक सहयोग तथा सहजीकरण.
- विद्यालयको प्रशासनिक, शैक्षिक लगायतका समस्या तथा अन्य विषयमा नियमित रुपमा प्रधानाध्यापक तथा शिक्षकलाई सहजीकरण तथा .

# प्रगति विवरण तथा मुख्य कार्यहरु
# (शिक्षा, युवा तथा खेलकुद)

- विभिन्न संघसस्थाद्वारा आयोजित भलिबल प्रतियोगितामा चन्द्रकोट गाउँपालिकाको तर्फबाट खेल सहभागिताका लागि खेलाडी छनौट तथा खेल सहभागितामा समन्वय र सहजीकरण,
- गाउँपालिका स्तरीय पाचौं राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सम्पन्न,
- गाउँपालिका स्तरीय दोस्रो अध्यक्षकप भलिबल प्रतियोगिता सम्पन्न,
- गाउँपालिका स्तरीय प्रथम शिक्षककप भलिबल प्रतियोगिता सम्पन्न,
- गाउँपालिकाअन्तर्गतका सामुदायिक विद्यालयको विद्यालय समायोजन, दरवन्दी मिलान तथा कक्षा थपघटका लागि विद्यालय समायोजन तथा दरवन्दी मिलान सुझाव कार्यदलमार्फत विद्यालयको स्थलगत वस्तुस्थिति अध्ययन तथा प्रतिवेदन कार्यपालिका समक्ष पेश,
- इमिस अद्यावधिक, एकीकृत पाठ्यक्रम, ICT तालिम लगायतका क्षमता विकास तालिम कार्याशाला सम्पन्न,
- तुराङ प्राविधिक शिक्षालय मजुवासँगको समन्वयमा ६५ दिने (३९० घण्टे) सहायक पलम्बर तालिम कार्यक्रम सम्पन्न.
- नियमित प्रशासनिक कार्य तथा विद्यालयहरुलाई नियमित सहजीकरण.

# योजना / पूर्वाधार शाखा

# आ.व. २०८०/०८१ मा भौतिक पूर्वाधार तर्फका योजना सम्बन्धी विवरण

| योजना संख्या | सम्झौता भएका योजना संख्या | ठेक्का प्रकृया मार्फत | उपभोक्ता समिति मार्फत | सम्झौता हुन बाँकी योजना | निर्माण सम्पन्न हुन बाकी | सम्झौता प्रतिशत | अनुगमन भएका योजना |
|---|---|---|---|---|---|---|---|
| ३७० | ३६९ | १३ | ३५६ | १ | ६ | ९९.९२ | ३७० |

# भौतिक पूर्वाधार शाखा

| क्र.स | क्षेत्र | | भौतिक प्रगति | | | | | | | | | जम्मा परिमाण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ठेक्का तर्फ | |
| १ | सडक | | | | | | | | | | | |
| | | नयाँ निर्माण (कि.मि) | ०.४ | | ०.६ | २.२ | ०.८५ | १.६० | ०.४५ | ०.२ | | ६.३ |
| | | स्तरउन्नति (कि.मि) | २.४ | | ०.५ | | | ०.१५ | | | २.१२ | ५.१ |
| | | ग्रावेल (मि) | | | | | | | | ३५० | ४७१ | ८२१. |
| | | ढलान | | | ३० | ०.१ | ४३.९ | | | ४१ | २३६.६ | ३५१.६ |
| | | कल्भर्ट/ कज वे (संख्या) | | १. | ३ | | १ | १.०० | | | १ | ७. |
| | | ग्याबिन (घ.मि) | | ८८ | २९.० | | | | ८३.५० | | १८८.० | ३८८.५ |
| | | मेसेनारी (घ.मि) | २८.२४ | | ५. | १५.५ | १० | | ६५.०५ | १२७. | १३५.६ | ३८६.४ |
| | | पक्कि नाली (मि) | | २५० | | ६० | | | ९०.०० | ५०० | ७१८ | १६१८. |
| | | मर्मत/सफाई (कि.मि) | २६ | २९ | २५ | २२ | २८ | | २७.०० | ३० | १८ | २०५. |
| | | ह्युम पाइप (मि) | | | | | | | | ७.५ | ८० | ८७.५ |

# भौतिक पूर्वाधार शाखा

| क्र.स | क्षेत्र | | भौतिक प्रगति | | | | | | | | | जम्मा परिमाण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ठेक्का तर्फ | |
| २ | खानेपानी | | | | | | | | | | | ० |
| | | टंकी निर्माण (संख्या) | | | १ | १ | १ | १ | | | | ४ |
| | | धारा निर्माण (संख्या) | | | | | | १६ | | ८० | | ९६ |
| | | पाइप लाइन (कि.मि) | १.२ | | ०.६ | | २.६२ | ३ | १ | १ | | १०.१ |
| | | इन्टेक निर्माण | | | | | ३ | ३ | ४ | | | १० |
| | | पम्प खरिद | | | | | | | | १ | | १ |
| ३ | सिंचाई | | | | | | | | | | | ० |
| | | कुलो निर्माण (मि.) | ६७ | ११७७ | ५००. | २७८ | ७० | ३.२ | २१३.०० | ७०५ | | ३०१२.७ |
| | | पोखरी (संख्या) | | | १ | | १ | | | २ | | ४ |
| | | HDPE पाइप (मि) | २५५ | | ७० | | ३०० | | | | | ६२५ |

# भौतिक पूर्वाधार शाखा

| क.स | क्षेत्र | | भौतिक प्रगति | | | | | | | | | जम्मा परिमाण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ठेक्का तर्फ | |
| ४ | भवन | | | | | | | | | | | ० |
| | | नया निर्माण | १ | | | १ | | | | १ | | ३ |
| | | ट्रस्ट/प्रतिक्षालय | २ | | | ५ | ८ | १ | ३ | १ | | २० |
| | | रंगरोगन | २ | | | | १ | १ | ३ | | | ७ |
| | | थप/सम्पन्न | १ | १ | १ | ५ | | ३ | १ | २ | | १४ |
| | | शौचालय | १ | | १. | १ | | | | | | ३ |
| | | मन्दिर | | | | २ | | १ | | १ | | ४ |

# भौतिक पूर्वाधार शाखा

| क्र.स | क्षेत्र | | भौतिक प्रगति | | | | | | | | ठेक्का तर्फ | जम्मा परिमाण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | | |
| ५ | अन्य | | | | | | | | | | | ० |
| | | तटबन्धन ग्याबिन (घ.मि) | | | १५ | | | १० | | | | २५ |
| | | मेसेनारि वाल (घ.मि.) | | | १० | ७.४ | | | १२ | | | २९.३ |
| | | स्वागतम गेट | | | | १ | | | | | | १ |
| | | खेल मैदान | | १ | १ | १ | | २ | | २ | | ७ |

# भौतिक पूर्वाधार शाखा

| | | | भौतिक प्रगति | |
|---|---|---|---|---|
| ६ | भवन | १५ शैया अस्पताल | ९३% | बहुबर्षीय |
| | | प्रशासकीय भवन | ५८% | बहुबर्षीय |
| | | ग्वाघा मा.बि.४ कोठे भवन | १००% | बहुबर्षीय |
| | | १ नं वडा कार्यालय | १००% | बहुबर्षीय |
| | | दिब्रुंङ्ग स्वास्थ्य चौकी | १०% | बहुबर्षीय |
| | | भन्ज्याङ्ग स्वास्थ्य इकाई | १००% | |
| | | कृषि संकलन केन्द्र | ६१% | |

# आ.व. २०८०/०८१ मा योजना शाखाबाट भएका कार्यहरु

- आ.व.२०८०/०८१ मा कार्यान्वयनका लागि छनौट भएका योजनाहरुको प्रभावकारी कार्यान्वयन गर्नका लागि वडास्तरमा उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण तालिम प्रदान गरिएको।
- प्रत्येक वडा-वडामा गई वडा स्तरबाटै योजना सम्झौता गरिएको।
- आ.व.२०८०/०८१ मा ९९.७२ प्रतिशत योजनाहरु सम्झौता गरिएको।
- आ.व.२०८०/०८१ मा निर्माण सम्पन्न भएका शत प्रतिशत योजनाहरुको भुक्तानी प्रक्रिया आगाडी बढाइएको।

# योजना कार्यान्वयनका समस्याहरु

- तोकिएको समयमा उपभोक्ता समितिहरु गठन नहुनु
- तोकिएको कार्यतालिकामा काम गर्न कतिपय वडाहरु निष्कृय जस्तै रहनु
- तोकिएको समयमा योजनाहरु सम्झौता गर्न नआउनु
- सम्झौता हुँदाको लागत स्टिमेट अनुसार काम नहुनु
- काम सम्पन्न गरिसके पछि पनि समयमा भुक्तानी लिन नआउनु
- योजना परिवर्तन भइ रहनु
- उपभोक्ता समितिमा फेरबदल हुनु
- साना योजनाहरु अत्याधिक धेरै हुदा उपभोक्ता समिति गठन, सम्झौता, भुक्तानी लगायतको काममा लागत बढ्नु

# समाधानका उपायहरु

- कार्यतालिका अनुसार तोकीएको समयमा समिति गठन गर्ने
- योजनाहरु समयमा नै सम्झौता गर्ने वातावरण मिलाउने
- अनुगमन कार्यलाई प्रभावकारी बनाउने
- गाउँपालिका र वडा समितिबाट स्थलगत अनुगमन गर्ने
- एकै प्रकृतिका योजनामा एउटै उपभोक्ता समिति मार्फत काम गर्ने वातावरण बनाउने
- लगत स्टिमेट उपभोक्ता समितिले बुझ्न सक्ने गरि बनाउने
- साना योजनाका संख्या कम गर्ने
- वडा कार्यालयबाट योजनाको सम्झौता र कार्यसम्पन्नको सिफारिस गर्दा कागजपत्र रुजुगरि मात्र गर्ने

# प्रशासन शाखा

# प्रशासन शाखा

## विभिन्न बैठक विवरण र संख्या..

| क्र.सं. | बैठकको नाम | बैठक संख्या | कैफियत |
|---|---|---|---|
| १ | गाउँ कार्यपालिका बैठक | १६ | |
| २ | पदपूर्ति समिति बैठक | ४५ | |
| ३ | मूल्याङ्कन समिति बैठक | २६ | |
| ४ | लेखा समिति बैठक | ६ | |
| ५ | आर्थिक विकास समिति बैठक | २ | |
| ६ | बन बातावरण तथा विपद् व्यवस्थापन समिति बैठक | ३ | |
| ७ | पूर्वाधार विकास समिति बैठक | ३ | |
| ८ | सार्वजनिक सेवा प्रवाह तथा संस्थागत विकास समिति बैठक | ५ | |
| ९ | विधायन समिति बैठक | २ | |
